स्थानीय राजपत्र

मिर्चैया नगरपालिकाद्वारा प्रकाशित

भाग २ खण्ड १० संख्या १ भाद्र १६ गते २०८३

## मिर्चैया नगरपालिका

## मिर्चैया, सिरहा

### सूचना नं १

### " संस्थागत बिद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०८३ "

### कार्यपालिका बाट स्वीकृत मिति : २०८३/०१/२२

**प्रस्तावना:** नेपालको संबिधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहको क्षेत्राधिकार भित्र राखेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ज) को (१६) मा विद्यालय शिक्षाको छाववृत्ति व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ तथा शिक्षा नियमावली, २०५९ (संशोधन सहित) मा संस्थागत विद्यालयले कम्तिमा १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था रहेको छ । यस अघि संस्थागत विद्यालयहरुले प्रदान गर्दै आएको न्यूनतम दश प्रतिशत छात्रवृत्तिलाई संघीयताको मर्म अनुरुप थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा मितव्ययी बनाउन तथा विद्यालयले प्रदान गर्ने छात्रवृत्तिलाई एकरुपता कायम गर्न, समयसापेक्ष छात्रवृत्ति वितरण प्रणालीको विकास गरी जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, जनआन्दोलन तथा मधेश आन्दोलनका घाइते, बेपत्ता तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न र छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी तथा लक्षित वर्गको पहुँचमा पुर्याउन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा मधेश प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

ऐन,२०७४ को दफा १०२ को उपदफा २ तथा मिर्चैया नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरि मिर्चैया नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – एक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो कार्यविधिको नाम संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०८३ रहेको छं।

१.२ यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

१.३ यो कार्यविधि मिर्चैया नगरपालिका भित्र संचालित संस्थागत विद्यालयहरुको हकमा मात्र लागू हुनेछ।

## परिच्छेद–दुई

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले शिक्षा तथा खेलकुद मन्त्रालयलाई जनाउँछ ।

(ख) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम संस्थागत विद्यालयको रूपमा अनुमति लिएका विद्यालयलाई जनाउँछ, साथै सो शब्दले सार्वजनिक शैक्षिक गुठी, निजी शैक्षिक गुठी, सहकारी तथा कम्पनीको रूपमा अनुमति प्राप्त गरी सरकारी अनुदान नपाउने गरी सञ्चालित विद्यालयहरूलाई समेत जनाउँछ।

(ग) "छात्रवृत्ति " भन्नाले तोकिएको आधार अनुसार छनोट भएका विद्यार्थीहरूलाई बिद्यालयले निःशुल्क अध्ययन गर्नको लागि प्रदान गरेको सुबिधालाई जनाउँछ ।

(घ) "नगरपालिका " भन्नाले मिर्चैया नगरपालिका सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले मिर्चैया नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(च) "नगर प्रमुख" भन्नाले मिर्चैया नगरपालिको प्रमुख सम्झनुपर्छ।



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा मधेश प्रदेश, नेपाल

नि. प्रमुख प्रशासकीय अधिकृत

( छ ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिर्चैया नगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ज) "शिक्षा शाखा प्रमुख" भन्नाले मिर्चैया नगरपालिकाको शिक्षा शाखा प्रमुखलाई सम्झनु पर्छ।

(झ) "समिति" भन्नाले छात्रवृत्ति व्यबस्थापन समिति, नगरस्तरीय परीक्षा संचालन समिति, बिद्यालयस्तरीय छात्रवृत्ति वितरण समिति र नगर शिक्षा समिति समेतलाई जनाउछ।

## परिच्छेद — तीन

**३. उद्देश्य** : यस कार्यविधिका उद्देश्यहरू निम्न लिखित रहेका छन्

(क) छात्रवृत्ति वितरणलाई पारदर्शी र व्यवस्थित बनाउनु ।

(ख) लक्षित वर्गले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नु ।

(ग) छात्रवृत्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूको भूमिका स्पष्ट पार्नु ।

(घ) प्रचलित ऐन कानूनलाई प्रभावकारी रुपमा कार्यान्वयन गेराउनु।

(ङ) छात्रवृत्ति वितरण प्रणालीमा एकरुपता कायमा राखु।

## परिच्छेद—चार

**४.१ छात्रवृत्ति व्यवस्थापन समिति सम्बन्धी व्यवस्था:**

क. मिर्चैया नगरपालिकामा देहायका पदाधिकारीहरू रहेको एक छात्रवृत्ति व्यवस्थापन समिति गठन हुनेछ।

क) नगर प्रमुख - अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) कार्यपालिकाका सदस्यमध्येबाट नगर प्रमुखले मनोनित गरेको एक जना महिला सदस्य - सदस्य

घ) सामाजिक विकास समिति संयोजक — सदस्य

ङ) शिक्षा शाखा प्रमुख — सदस्य सचिव



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा मधेश प्रदेश, नेपाल
नि. प्रमुख प्रशासकीय अधिकृत

ख. दफा ४.१ क. बमोजिम गठित समितिले निजि तथा आवासिय विद्यालय संघ (प्याब्सन) तथा राष्ट्रिय निजि तथा आवासिय विद्यालय संघ (एन प्याव्सन) का प्रतिनीधिलाई आमन्त्रित सदस्यका रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४.२ बैठक सम्बन्धी कार्यविधि दफा ४.१ क. बमोजिम गठित समितिमा मनोनित पदाधिकारीको कार्य अवधि तीन बर्षको हुनेछ । मनोनित पदाधिकारीले पदीय दायित्व पूरा नगरेमा मनोनित गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ । समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रंण गर्न सक्नेछ । समितिको बैठक सम्बन्धि खर्च नियमनुसर नगरपालिकाले गर्न सक्नेछ ।

४.३ छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

यस कार्यविधिमा अन्यत्र उल्लेख गरिए बाहेक छात्रवृत्ति व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः-

(क) संस्थागत विद्यालयले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी नीति निर्माण गर्ने ।

(ख) भर्ना भएका विद्यार्थी संख्याको आधारमा तोकिए बमोजिमको प्रतिशतले हुन आउने छात्रवृत्तिको कोटा निर्धारण गर्नका लागि विद्यालयको EMIS तथ्यांकका आधारमा आवश्यक व्यवस्था मिलाउने ।

(ग) नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालक समिति तथा विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले सञ्चालन गर्ने छात्रवृत्ति छनोट परीक्षाका लागि तह कक्षा निर्धारण गर्ने।

(घ) विद्यालयहरूले प्रदान गरेको छात्रवृत्ति लक्षित वर्गले पाए नपाएको अनुगमन गर्ने गराउने ।

(ङ) विद्यालय छात्रवृत्ति वितरण समिति तथा नगरस्तरीय छात्रवृत्ति परीक्षा संचालक समितिले सिफारिस गरेका विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएको विषयमा परेको निवेदन उपर पुनरावलोकन गरी उचित र न्यायसंगत रूपमा समस्याको टुङ्गो लगाउने।

(च) प्रचलित कानून अनुसार विद्यालयले प्रदान गर्नुपर्ने छात्रवृत्ति विद्यार्थीहरूले पाए नपाएको अनुगमन तथा निरीक्षण गरी सो बमोजिम नगरेको पाईएमा कानुनबमोजिम कारवाही गर्ने ।



नि. प्रमुख प्रशासकीय अधिकृत

(छ) विद्यालय मार्फत वा नगरपालिका मार्फत तोकिए बमोजिका विद्यार्थी छात्रवृत्ति कोटामा छनोटका लागि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्य गर्ने गराउने।

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

४.४ नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समिति

छात्रवृत्ति व्यवस्थापन समितिले कुनै तह वा कक्षाको छात्रवृत्ति छनोट गर्ने जिम्मेवारी प्रदान गरेमा नगरपालिकास्तरबाट संचालन हुने परीक्षा संचालन, नतिजा प्रकाशन तथा विद्यार्थी सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको नगरस्तरीय छात्रवृत्ति परीक्षा संचालन समिति रहनेछ।

क) शिक्षा शाखा प्रमुख — संयोजक

(ख) नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयको प्रतिनीधि एक जना — सदस्य

(ग) निजी तया आवासिय विद्यालय संघ (प्याब्सन) नगरपालिका प्रतिनिधि एक जना — सदस्य

(घ) राष्ट्रिय निजी तथा आवासीय विद्यालय संघ (एन प्याव्सन) नगरपालिका प्रतिनिधि एक जना — सदस्य

(ङ) विद्यालय ब्यबस्थापन समितिको अंध्यक्ष मध्ये बाट समितिले मनोनित गरेको एक जना — सदस्य

(च) समितिले मनोनित गरेको परीक्षण प्रशासन सम्बन्धी ज्ञान भएको एक जना — सदस्य

(ड) शिक्षा शाखाको संस्थागत विद्यालय छात्रवृत्ती परीक्षा हेर्ने कर्मचारी — सदस्य सचिव

४.५ बैठक सम्बन्धी कार्यविधिः दफा ४.४ बमोजिम गठित समितिमा मनोनित पदाधिकारीको कार्य अवधि तीन वर्षको हुनेछ । मनोनित पदाधिकारीले पदीय दायित्व पूरा नगरेमा मनोनित गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ। समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ र परिक्षा संचालनमा आवश्यक कर्मचारी खटाउन सक्नेछ। समितिको बैठक सम्बन्धि खर्च नियमनुसर नगरपालिकाले गर्न सक्नेछ ।

४.६ नगरस्तरीय छात्रवृत्ति परीक्षा सञ्चालन समितिको काम कर्तव्य र अधिकार



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय
नि. प्रमुख प्रशासकीय अधिकृत

(क) अघिल्लो शैक्षिक सत्रमा भर्ना भएका वा चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी संख्या एकिन भइसकेको भए सो विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति कोटा निर्धारण गर्ने ।

(ख) छात्रवृत्ति परीक्षाका लागि सूचना प्रकाशन गरी अनुसुची १, २ र ३ बमोजिम आवेदन संकलन गर्ने,

(ग) छात्रवृत्तिका लागि परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।

(घ) छात्रवृत्ति परीक्षाको नतिजा प्रकाशन गरी विद्यार्थी सिफारिस गर्ने।

(ङ) छात्रवृत्ति छनोट तथा परीक्षा सञ्चालनका लागि आधार तथा मापदण्ड निर्धारण गर्ने।

(च) कक्षा ११ र १२ को नगरस्तरीय छात्रवृत्ति परीक्षा ब्यबस्थापन गर्ने ।

४.७ विद्यालयस्तरीय छात्रवृत्ति वितरण समिति

छात्रवृत्ति व्यवस्थापन समितिले कुनै तह वा कक्षाको छात्रवृत्ति छनोट गर्ने जिम्मेवारी प्रदान गरेमा विद्यालयवाट हुने छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न देहायका सदस्यहरू रहेको एक छात्रवृत्ति वितरण समितिको गठन गर्नु पर्नेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा विद्यालय व्यवस्थापन समिति रिक्त भएमा सञ्चालक समितिको अध्यक्ष वा निजले तोकेको सञ्चालक समितिको सदस्य — संयोजक

(ख) बिद्यालयमा रहेको शिक्षक अभिभावक संघको अध्यक्ष वा अभिभावक संघ रिक्त भए समितिले तोकेको एकजना अभिभावक प्रतिनिधि —सदस्य

(ग) शिक्षा शाखाको प्रतिनिधि कर्मचारी - सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक — सदस्य

(ङ) प्रधानाध्यापकले तोकेको एक जना शिक्षक — सदस्य सचिब

४.८ बैठक सम्बन्धी कार्यविधि दफा ४.७ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ। समितिले आवश्यकता अनुसार विज्ञहरूलाई आमन्त्रण गर्न सक्नेछ। समितिको बैठक सम्बन्धि खर्च नियमानुसार विद्यालयले गर्न सक्नेछ ।



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा मधेश प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

४.९ विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिको काम, कर्तव्य र अधिकार

(क) छात्रवृत्ति व्यवस्थापन समितिको निर्णयानुसार अघिल्लो शैक्षिक सत्रमा भर्ना भएका वा चालु शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थी संख्या एकिन भइसकेको भए सो विद्यार्थी संख्याको आधारमा छात्रवृत्ति कोटा निर्धारण गर्ने।

(ख) विद्यालयबाट हुने छात्रवृत्ति वितरणका लागि अनुसुची १,२ र ३ बमोजिमको ढाँचामा आवेदन संकलन गर्ने ।

(ग) विद्यालयबाट हुने छात्रवृत्ति छनोट परीक्षा/वितरणको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

(घ) परीक्षा सञ्चालन भएको मितिले एक हप्ता भित्र नतिजा प्रकाशन गरी विद्यालयलाई सिफारिस गर्ने।

(घ) छनोट हुने विद्यार्थीहरूको हकमा कक्षागत र आरक्षित समूहको योग्यताक्रमको आधारमा छात्रवृत्तिको अन्तिम नामावली तयार गरी सम्बन्धित विद्यार्थीलाई जानकारी गराउने ।

(ङ) परिच्छेद पाँच को ५.१ को बुँदा (ख) अनुसारको अवस्था भए नभएको एकीन गर्ने ।

(च) कक्षा बालविकास देखि कक्षा १० सम्मको विद्यालयस्तरीय छात्रवृत्ति छनोट परीक्षा संचालन तथा व्यवस्थापन गर्ने ।

(६) छात्रवृत्ति प्रदान गरेको प्रक्रिया तथा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नाम नामेसी विवरण शैक्षिक सत्र शुरू भएको साठी दिनभित्र सो को प्रतिवेदन मिर्चैया नगरपालिका शिक्षा शाखामा अनिवार्य रूपमा बुझाउने।

(ख) छात्रवृत्तिका सम्बन्धमा माथिल्लो निकायले दिएको निर्देशानुसार काम गर्ने ।

## परिच्छेद—पाँच

### ५.१ छात्रवृत्ति कोटासम्बन्धी व्यवस्था

(क) विद्यालयले अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को दफा २७ को उपदफा ३ बमोज़िम तथा प्रचलित शिक्षा नियमावली बमोजिम आफ्नो विद्यालयमा अध्ययनरत कुल



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा

नि. प्रमुख प्रशासकीय अधिकृत

विद्यार्थीको न्युनतम दश प्रतिशत कोटा छात्रवृत्तिको लागि छुट्टयाउनु पर्नेछ। यसरी छुट्याइएको छात्रवृत्ति कोटा आधारभूत तथा माध्यमिक तहको प्रत्येक कक्षाको लागि दश प्रतिशतका दरले हुने गरी व्यवस्था गर्नु पर्नेछ। कुन कक्षाको कोटा कुन आरक्षित वर्गको लागि हो भन्ने विषय स्वघोषणा गर्ने अधिकार परीक्षा संचालन गर्ने समिति/वितरण समितिलाई हुनेछ ।

(ख) विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले कक्षागत कोटा र आरक्षित कोटाको जानकारी शिक्षा शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

**५.२ छात्रवृत्तिमा विद्यार्थी छनोट गर्ने प्रक्रियाः**

(क) छात्रवृत्ति व्यवस्थापन समितिले विद्यालयवाट प्रस्तावित कोटालाई एकीन गरी वा गर्न लगाई शैक्षिक सत्र शुरू भएको एक महिना भित्र विद्यालयमार्फत सूचना जारी गर्न लगाइ वा नगरपालिकाबाट सूचना जारी गर्ने गरी आवेदन लिने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(ख) नगरपालिका छात्रवृत्ति परीक्षा सञ्चालक समिति वा विद्यालयको विद्यालयस्तरीय छात्रवृत्ति छनोट समितिले यसरी प्राप्त आवेदनहरू छानविन गरी आवेदकहरूको सूची प्रकाशन गर्ने/गराउने र छात्रवृत्तिमा छनौट गर्नको लागि परीक्षाको मिति तय गरी परीक्षा सञ्चालन गर्ने र तोकिएको आरक्षणको परिधिमा रही योग्यताक्रम कायम गरी नतिजा प्रकाशन गर्ने गराउने कार्य गर्नुपर्नेछ।

(ग) कुनै प्राबिधिक कारणबस परीक्षा संचालन नभएको हकमा विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने कक्षा भन्दा अघिल्लो कक्षामा प्राप्त गरेको GPA को आधारमा योग्यताक्रम निर्धारण गरी सिफारिस गर्न सकिनेछ ।

(घ) नतिजा प्रकाशन गर्दा छात्रवृत्ति उपलब्ध गराइएका विद्यार्थीहरूको नाम, थर, कक्षा तथा निजको बाबु वा आमाको नाम, थर, वतन सहित विद्यालयले आफ्नो सूचना पाटीमा टाँस गरी विद्यालयको वेबसाईट भएमा त्यसमा समेत सार्वजनिक गर्नु पर्नेछ। विवरण हेर्न चाहने व्यक्तिलाई विद्यालयले त्यस्तो विवरण निःशुल्क हेर्न दिनु पर्नेछ।

(ङ) कक्षा ११ र १२ को छात्रवृत्ति छनोट गर्दा एस.ई.ई. मा प्राप्त GPA को आधारमा योग्यताक्रम तयार गरि छनोट गर्न सकिने छ ।

(च) योग्यताक्रमका आधारमा छनोट फारम भर्ना लगाई विद्यालयमा छनोट समितिले एकमुस्ट सिफारिस गरि पठाउन सक्नेछ ।



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा

नि. प्रमुख प्रशासकीय अधिकृत

(छ) छात्रवृत्तिको लागि विद्यार्थी छनोट गर्दा मिर्चैया नगरपालिकाको स्थायी बसोबास भएको बासिन्दालाई प्राथमिकतामा राखिने छ ।

## ५.३ परीक्षाको किसिम

(क) छात्रवृत्ति छनौटको लागि हुने लिखित परीक्षा एक सय पूर्णाङ्कको हुनेछ। जसमा छात्रवृत्ति छनोट हुने कक्षा भन्दा एक कक्षा मुनिको पाठ्यक्रममा आधारित अनिवार्य बिषयबाट समानुपातिक रुपमा ९० अंक र सामान्य ज्ञानबाट १० अंकमा आधारित प्रश्नपत्र निर्माण गरी सञ्चालन हुनेछ। एक प्रश्नको अंकभार दुई रहनेछ । छात्रवृत्तिका लागि सञ्चालन गरिएको लिखित परीक्षामा उत्तीर्ण हुन न्युनतम चालिस अंक ल्याउनुपर्नेछ । मिर्चैया नगरपालिका वा विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिले कक्षा तीन भन्दा तल्लो कक्षामा वा आवश्यकता अनुसार अन्य कक्षामा परीक्षाको अन्य साधनहरू निर्माण गरी परीक्षा सञ्चालन गर्न सक्नेछ। तोकिएको कोटाभित्र तोकिएको भन्दा कम वा कोटा अनुसारकै मात्र आवेदन परेमा आवेदकहरूलाई अन्तरवार्ता अथवा स्वतः छनोटको आधारमा छनोट गर्न सकिनेछ ।

## ५.४ छात्रवृत्ति नपाउने अवस्था

(क) कुनै कक्षामा छात्रवृत्ति पाएको विद्यार्थी निम्न अवस्थामा माथिल्लो कक्षामा छात्रवृत्ति प्राप्त गर्न ग्राह्य हुने छैनन्:

(१) जम्मा विद्यालय खुलेको दिनको पचहत्तर प्रतिशत हाजिरी नभएमा ।

(२) कानूनले तोकेभन्दा कम उमेरमा विवाह गरेमा।

(३) कक्षा उत्तिर्ण गर्न नसकेमा ।

(४) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा ।

(५) शिक्षा नियमावली र विद्यालयले तयार गरेको आचारसंहिता उल्लंघन गरेको प्रमाणित भएमा।

(ख) दफा ५.४ को बुँदा नं एक, दुइ र तीन सम्बन्धी व्यवस्था कार्यान्वयनको अधिकार विद्यालयलाई हुनेछ भने बुँदा नं ४ र ५ को व्यवस्था बमोजिम छात्रवृत्ति रद्द गर्नुपर्ने भएमा विद्यालयको सिफारिसमा नगरस्तरीय परीक्षा संचालन समितिबाट गर्नुपर्नेछ ।



मिर्चैया नगरपालिका
नि. प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद—६

### ६.१ आरक्षण सम्बन्धी व्यवस्था

(क) नगरपालिका तथा विद्यालयस्तरबाट हुने विद्यार्थी छनोटका लागि कुल आरक्षित छात्रवृत्ति कोटालाई शत प्रतिशत मानी जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, मुस्लिम तथा शहिद परिवारका सन्ततिहरूले छात्रवृत्ति प्राप्त गर्ने अवस्थालाई सुनिश्चित गर्न आरक्षणको व्यवस्थालाई देहाय अनुसार व्यवस्थित गरिएको छ ।

(१)जेहेन्दार २० प्रतिशत

(२) विपन्नता २५ प्रतिशत

(३) मधेसी १५ प्रतिशत

(४) जनजाति १० प्रतिशत

(४) दलित ५ प्रतिशत

(५) अपाङ्ग ५ प्रतिशत

(६) बिपन्न मुस्लिम ५ प्रतिशत

(७) अन्य १५ प्रतिशत

(ख) बेपत्ता परिवारको सन्तति, मधेश आन्दोलनका घाइतेका सन्तति, शहिदका सन्तती, जन आन्दोलनका घाइतेका सन्ततीको आवेदन परेमा जुन समूहबाट आवेदन परेको छ त्यस समूहबाट प्राथमिकता दिई बढीमा दुई प्रतिशतसम्म तोकिए बमोजिमको छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(ग) यसरी छुटयाइएको प्रत्येक आरक्षित समुहको सम्भव भए सम्म ५० प्रतिशत कोटा छात्राहरूको लागि सुरक्षित गर्नुपर्नेछ।

(घ) माथि उल्लेखित आरक्षणहरू मध्ये एक विद्यार्थीले कुनै एक आरक्षण समुहबाट मात्र आवेदन दिन पाउनेछ ।



नि. प्रमुख प्रशासकीय अधिकृत

(ङ) छात्रवृत्ति कोटाको प्राथमिकीकरण गर्दा सबै भन्दा बढी कोटा निर्धारण गरिएकोलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । बराबर कोटा निर्धारण गरिएको हकमा भने माथि उल्लेख गरिएको प्राथमिकताक्रम अनुसार हुनेछ।

(च) कक्षा एघार र बाह्रमा छात्रवृत्ति लागि विद्यार्थी छनौट गर्दा पचास प्रतिशत कोटा सामुदायिक विद्यालयबाट आएका छात्रछात्राहरूको लागि छुट्टयाउनु पर्नेछ। यो ब्यबस्था अन्य कक्षाको हकमा लागु हुने छैन । सबै कक्षाको सामुदायीक विद्यालयको विद्यार्थीले छात्रवृत्तिको निबेदन पेश गर्दा अनुसूची ३ को सिफारिस सहित पेश गर्नु पर्नेछ ।

(छ) दफा ६.१ को ७ मा उल्लेखित "अन्य" भन्नाले सम्बन्धित विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीका सन्तति, विशेष कारणबाट छात्रवृत्ति प्राप्त गर्नबाट वञ्चित लक्षित वर्गका विद्यार्थी तथा मनासिव कारण खुलाई निश्चित मापदण्डका आधारमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकबाट छात्रवृत्तिका लागि सिफारिस गरेको विद्यार्थीलाई मानिनेछ।

६.२ माथि उल्लेखित कोटामा कुनै आबेदन नपरेमा वा आवेदन परेर पनि कुनै परीक्षार्थी उत्तिर्ण हुन नसकेमा वा अन्य कुनै कारणले कोटा पूर्ति हुन नसकेमा छात्रवृत्ति व्यवस्थापन समिति वा छात्रवृत्ति वितरण समितिको निर्णय वमोजिम अन्य धेरै आवेदन परेको कोटामा समुहको प्राथमिकता क्रम अनुसार समायोजन गर्न सकिनेछ ।

६.३ प्रत्येक बर्ष छात्रवृत्ति कोटा निर्धारण गर्दा अघिल्लो बर्षको छात्रवृत्ति प्राप्त गरेको बिद्यार्थी संख्यालाई घटाएर बाँकि जम्मा बिद्यार्थी संख्यालाई आधारमानि छात्रवृत्ति कोटा निर्धारण गर्न सकिनेछ ।

## परिच्छेद—सात

### ७.१ विविध

(क) छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूलाई विद्यालयले भर्ना शुल्क, बार्षिक शुल्क र मासिक शिक्षण शुल्क लिन पाइने छैन ।

(ख) विद्यालयले छात्रवृत्तिमा छनोट भएका विद्यार्थीसँग अगावै छात्रवृत्ति प्राप्त हुने शीर्षकमा कुनै शुल्क लिएको रहेछ भने त्यस्तो शुल्क फिर्ता वा मिलान गर्नुपर्नेछ ।



प्रमुख प्रशासकीय अधिकृत

(ग) छाववृत्तिमा छनोट भएका विद्यार्थीहरूबाट विद्यालयले निजको मन्जुरी वेगर आवास, भोजन, यातायात जस्ता अन्य विषयमा बस्नै पर्ने, लिनै पर्ने बाध्यात्मक परिस्थिति सिर्जना गर्न पाइने छैन।

(घ) छात्रवृत्ति परीक्षा व्यवस्थापन समितिले खास तह वा कक्षमा शैक्षिक सत्र सुरु हुनु अगावै छात्रवृत्ति छनोट प्रक्रिया सुरु गरी शैक्षिक सत्रको प्रारम्भमा नै छात्रवृत्तिमा अध्ययन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(ङ) दफा ५.४ को अवस्था नभएमा कक्षा नर्सरीमा छनोट भएको विद्यार्थीले कक्षा युकेजी सम्म, कक्षा एकमा भर्ना भएको विद्यार्थीले कक्षा तीन सम्म, कक्षा ४ मा भर्ना भएको विद्यार्थीले कक्षा पाँच सम्म, कक्षा छ मा भर्ना भएको विद्यार्थीले कक्षा ८ सम्म, कक्षा नौ मा भर्ना भएको विद्यार्थीले कक्षा दश सम्म र कक्षा एघारमा भर्ना भएको विद्यार्थीले कक्षा बाह्रसम्म छात्रवृत्ति पाउनेछ । तर कक्षामा सर्बोत्कृष्ट GPA प्राप्त गरे बापत पाएको जेहन्दार छात्रवृत्तिको हकमा यो व्यवस्था लागु हुने छैन । जेहेन्दार तर्फ कक्षामा सर्बोत्कृष्ट GPA प्राप्त गर्ने बिद्यार्थी लाई शतप्रशित र उत्कृष्ट GPA प्राप्त एकजनालाई पचास प्रतिशत छात्रवृत्ति दिनुपर्नेछ । सर्बोत्कृष्ट/उत्कृष्ट GPA प्राप्त गर्ने विद्यार्थी एकजना भन्दा बढी भएमा गोलाप्रथा द्वारा छनोट गर्न सकिनेछ । २० प्रतिशत जेहेन्दार छात्रवृत्तिमा बिद्यालयमा अध्ययन गरि रहेको सर्बोत्कृष्ट र उत्कृष्ट एकजना विद्यार्थीले प्राप्त गरि सकेपछि मात्र बाह्य विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्नुपर्नेछ र यसरी छनोट भएका विद्यार्थीहरुलाई अन्य समुहका बिद्यार्थी सरह छात्रवृत्ति दिनुपर्नेछ ।

(च) दफा ७.१ को ङ बमोजिम छात्रवृत्तिमा छनोट भएका विद्यार्थीको कोटा कुनै कारणवश रिक्त भएमा तथा विद्यार्थी संख्या नहुन गई छात्रवृत्ति कोटा थप भएमा छात्रवृत्ति पाइरहेका विद्यार्थी बाहेकका विद्यार्थी सँग आवेदन माग गरी वा योग्यताक्रमको सूचीबाट यस कार्यविधि बमोजिम छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।

(छ) विद्यालयस्तरीय छात्रवृत्ति वितरण समितिलाई आवश्यक सहजीकरण गर्न तथा नगरपालिका भित्र संञ्चालित विद्यालयमा हुने छात्रवृत्ति परीक्षालाई व्यवस्थित गर्ने छात्रवृत्ति व्यवस्थापन समितिले छनोट परीक्षा सञ्चालन मिति, प्रश्नपत्र निर्माण, छनोटका अन्य मापदण्ड निर्माण लगायतका विषयमा एकरुपता कायम गर्न सक्नेछ ।



नि. प्रमुख प्रशासकीय अधिकृत

(ज) आरक्षणको लागि दफा ६.१ (क) को (१) र (७) को हकमा विद्यालयको सिफारिस र (२) देखि (६) सम्मको हकमा विद्यार्थीको स्थायी बसोबास भएको सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गर्नुपर्नेछ।

७.२ जिम्मेवार हुनुपर्ने : मिर्चैया नगरपालिका वा विद्यालय तहको छात्रवृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउने, कोटा एकीन गर्ने, परीक्षा सञ्चालन गर्ने, नतिजा प्रकाशन तथा सिफारिस लगायतका काम समय मै सम्पन्न गर्नको लागि मिर्चैया नगरपालिकाको हकमा (कक्षा ११र १२ को लागि) शिक्षा शाखा तथा विद्यालयको हकमा विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी रहनेछ ।

७.३ अनुसूचीमा हेरफेर : यस अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरू थप गर्न आवश्यक देखिएमा मिर्चैया नगरपालिका छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय बमोजिम आफ्नो क्षेत्रको लागि अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ ।

७.४ पुनरावेदन दिन सकिने : विधालयस्तरीय छात्रवृत्ति वितरण समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बञ्चित गराएमा सम्बन्धित विद्यार्थी वा निजको अभिभावकले सो को जानकारी पाएको मितिले सात दिनभित्र मिर्चैया नगरपालिका छात्रवृत्ति व्यवस्थापन समिति समक्ष पुनरावेदन दिन सक्नेछ।

७.५ निर्णय अन्तिम हुने : दफा ७.४ बमोजिम प्राप्त पुनरावेदनमा छात्रवृत्ति व्यवस्थापन समितिले गरेको निर्णय अन्तिम हुनेछ।

७.६ दण्ड तथा जरिवाना : विद्यालयले यस कार्यविधि बमोजिम विद्यार्थी छनोट नगरेमा वा छनोट भएका विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्ति प्रदान नगरेको पुष्टि भएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

७.७ बचाउः यस कार्यविधि तयार हुनु पूर्व छात्रवृत्ति छनौटका लागि भए गरेका काम कार्वाहीहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।



नि. प्रमुख प्रशासकीय अधिकृत

पासपोर्ट साइजको फोटो र उमेद्वारको हस्ताक्षर

## अनुसूची–१

## छात्रवृत्तिको लागि दरखास्त फारम

श्री .................................

मिर्चैया नगरपालिका, सिरहा ।

अनिबार्य तथा निशुल्क शिक्षा ऐन, २०७५, शिक्षा ऐन २०२८ (संशोधन सहित), शिक्षा नियमावली २०५९, तथा अन्य प्रचलित कानुनमा भएको ब्यवस्था बमोजिम कक्षा ........ मा निजि/संस्थागत बिध्यलायाबत बिध्यार्थीहरुको लागि प्रदान गरिने छात्रवृत्ति कार्यक्रममा मा सम्मिलित हुन इच्छुक भएकोले छात्रवृत्तिको लागि फारम भारी आवस्यक प्रमाण तहत कागजथारू यसैसाथ संलग्न गरि पेश गरेको छु ।

१. विद्यार्थीको पूरा नाम/ थर :

२. STUDENT NAME IN ENGLISH (BLOCK LETTER):

३. अश्याँ गर्न चेको विद्यालयको नाम :

४. छात्रवृत्तिको लागि आबेदन दिन चाहेको समूह ( कुनै एकमा मात्र) चिन्ह लगाउने):

जेहेन्दार ☐ बिपन्न ☐ जनजाती ☐ दलित ☐ मुस्लिम ☐ सहिद/बेपत्ता/घाइते परिवार ☐ अन्य ☐

५. जन्म मिति वि.सं. ........................................ ई. सं ..............................

६. लिङ्ग : पुरुष महिला अन्य

७. ठेगाना : क) स्थायी: प्रदेश: जिल्ला : स्थानीय तह :

ख ) अस्थायी : प्रदेश : जिल्ला : स्थानीय तह :

८. बुवा/ आमाको नाम, थर :.............................. पेशा : .................

९. बजेको नाम/ थर : ........................... पेशा : .................

१०. पारिवारिक आम्दानीको श्रोत : कृषि / नोकरी / व्यपार / अन्य ११) आम्दानीको बार्षिक अनुमानित विवरण रु. :

१२) बिद्यार्थिको / अभिभावकको सम्पर्क नं : १३) कक्षा .... / SEE उतिर्ण गरेको विद्यालयको प्रकारः सामुदायिक/ संस्थागत

१४. कक्षा ११ को हकमा अध्यन गर्न चाहेको बिषय समूह :



मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालय मिर्चैया, सिरहा

प्रमुख प्रशासकीय अधिकृत

१५. कक्षा .... / SEE मा प्राप्त गरेको जि.पी. ए. :

उल्लेखित बेहोरा ठिक साँचो छ फरक परे कानुन बमोजिम सहुँला, बुझाउला :

निवेदकको नामः हस्ताक्षर : मितिः

संलग्न गर्नु पर्ने कागजातहरु :

- सम्बन्धित कक्षा उतिर्ण गरेको ग्रेड सिट ।
- सामुदायिक बिद्यालय बाट SEE उतिर्ण भेएको भए सो खुल्ने कागजात स्थानीय तहले प्रमाणित गरेको पत्र ।
- अपाङ्ग छात्रवृत्तिको लागि अपनागता सम्बन्धि परिचयपत्रको प्रतिलिपि
- दलित तथा जनजाती छात्रवृत्तिको लागि सम्बन्धित वडा कार्यालको सिफारिस।
- विपन्नताको छात्रवृत्ति विपन्नता परिचयपत्र सो जारी नभएको भए सम्बन्धित वडा कार्यालयको सिफारिस।
- सहिदका छोराछोरीका लागि नेपाल सरकार / तोकिएको निकाय बाट प्राप्त भएको प्रमाणित कागजात ।
- जनआन्दोलन तथा मधेश आन्दोलनका घाइतेको सन्तति, बेपत्ता परिवारको सन्तति तथा शहिद परिवारको सन्ततिको हकमा नेपाल सरकार / तोकिएको निकायबाट प्राप्त भएको प्रमाणित कागज़ात ।
- पासपोर्ट साइजको फोटो (३ प्रति)



नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची–२

### कक्षा .............. छात्रवृत्ति छनौट परिक्षा २०.......

### कार्यालय प्रति

१. विद्यार्थीको पूरा नाम/ थर :

२. STUDENT NAME IN ENGLISH (BLOCK LETTER):

३. अध्ययन गर्न चाहेको विद्यालयको नाम :

४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र) चिन्ह लगाउने):

जेहेन्दार ☐ बिपन्न ☐ जनजाती ☐ दलित ☐ मुस्लिम ☐ सहिद/बेपत्ता/घाइते परिवार ☐ अन्य ☐

५. जन्म मिति वि.सं. ........................................ई.सं ..............................................

६. लिङ्ग : पुरुष ☐ महिला ☐ अन्य ☐

७) बिद्यार्थिको / अभिभावकको सम्पर्क नं :

८) कक्षा .... / SEE उतिर्ण गरेको विद्यालयको प्रकारः सामुदायिक/ संस्थागत

११) कक्षा ११ को हकमा अध्ययन गर्न चाहेको बिषय समूह :

१२) कक्षा ......../ SEE उतिर्ण प्राप्त जि. पि. ए. :

परीक्षार्थीको दस्तखत :

तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै समयमा यो प्रवेश पत्र रद्द हुनेछ ।

कार्यालयले भर्ने :

यस.................. बाट मिति ......................... गते लिइने कक्षा ....... को छात्रवृत्ति परिक्षामा निम्न परिक्ष केन्द्र बाट सम्मिलित हुन अनुमति दिएको छ ।

परिक्षाकेन्द्र : रोल नं / सिम्बोल नं :

प्रमाणित गर्नेको हस्ताक्षर :

---



नि. प्रमुख प्रशासकीय अधिकृत

# मिर्चैया नगरपालिका, सिरहा

## कक्षा .............. छात्रवृत्ति छनौट परिक्षा २०.......

### <u>प्रवेश पत्र</u>

१. विद्यार्थीको पूरा नाम/ थर :

२. STUDENT NAME IN ENGLISH (BLOCK LETTER):

३. अध्ययन गर्न चाहेको विद्यालयको नाम:

४. छात्रवृत्तिको लागि आवेदन दिन चाहेको समूह (कुनै एकमा मात्र) चिन्ह लगाउने):

जेहेन्दार ☐ बिपन्न ☐ जनजाती ☐ दलित ☐ मुस्लिम ☐ सहिद/बेपत्ता/घाइते परिवार ☐ अन्य ☐

५.जन्म मिति वि.सं. ........................................ ई.सं ..............................

६. लिङ्ग : पुरुष ☐ महिला ☐ अन्य ☐

७) विद्यार्थिको / अभिभावकको सम्पर्क नं :

८) कक्षा .... / SEE उतिर्ण गरेको विद्यालयको प्रकार: सामुदायिक/ संस्थागत

११) कक्षा ११ को हकमा अध्ययन गर्न चाहेको बिषय समूह :

१२) कक्षा ......../ SEE उतिर्ण प्राप्त जि. पि. ए. :

१३) परीक्षा सम्बन्धि नियमको पूर्ण पालना गर्नु पर्नेछ ।

परीक्षार्थीको दस्तखत :

प्रमाणित गर्नेको हस्ताक्षर:



नि. प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची–३

### दफा ६.१ को (ङ) संग सम्बन्धित

यो जो जस सँग सम्बन्ध राख्दछ

................................ प्रदेश ................................ जिल्ला

................................ गा.पा./ न.पा. / उपम.न. पा. / म.न.पा. वडा नं.............

स्थायी ठेगाना भएका श्री ................................ को छोरा / छोरी ........................

.............................................. ले ............................................................

........सामुदायिक बिद्यालय (EMIS Code No. ...............................................) मा

कक्षा ......... अध्ययन गरि कक्षा .........../ एस.ई.ई. उत्तीर्ण गरेको व्यहोरा प्रमाणित गर्दछु

माथि लेखिएको व्यहोरा ठिक साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहौंला बुझाउला ।

विद्यार्थीको नाम, थर:

दस्तखत : हालको ठेगाना :

सम्पर्क नं : मिति :

**प्रधानाध्यापकको नाम,थर:** **दस्तखत :**

मिति : विद्यालयको नाम:

सम्पर्क नं : विद्यालयको छाप

माथि उल्लेखित विद्यालय सामुदायिक बिद्यालय भएको व्योहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा सामान्य इकाइ प्रमुख वा सम्बन्धित स्थानीय तहको शिक्षा अधिकृत/ शिक्षा शाखा प्रमुख

प्रमाणित गर्नेको नाम, थर:

दस्तखत : स्थानीय तहको नाम:

पद : कार्यालयको छाप :

समपर्क नं:

मिति :

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत



नि. प्रमुख प्रशासकीय अधिकृत